Digital Rights Nepal

# राष्ट्रिय आम सञ्चारसम्बन्धी विधेयक २०८०

## वकालत पत्र

नेपाल सरकारले आमसञ्चार माध्यमको स्थापना, सञ्चालन र नियमन गर्ने तथा विचार र अभिव्यक्तिको स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हकको सुनिश्चित गरी आमसञ्चार क्षेत्रलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी, मर्यादित र व्यावसायिक बनाई लोकतन्त्रको सुदृढीकरण गर्ने उद्देश्यले राष्ट्रिय आमसञ्चारसम्बन्धी  मस्यौदा विधेयक सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले तयार गरी सर्वसाधारणबाट सुझाव समेत सङ्कलन गरिसकेको छ । हाल मन्त्रालयमा विचराधिन रहेको राष्ट्रिय आमसञ्चार विधेयकको (मस्यौदा) ले आमसञ्चार प्राधिकरण, पत्रपत्रिका सम्बन्धी व्यवस्था, अनलाइन सञ्चार माध्यम सम्बन्धी व्यवस्था, प्रेस रजिस्ट्रार सम्बन्धी व्यवस्था गरेको छ। यस विधेयकमा केही सैद्धान्तिक तथा व्यवहारिक समस्याहरू रहेका छन्, जसलाई सम्बोधन गर्न डिजिटल राइट्स नेपालले यो सुझाव पत्र तयार गरेको छ ।

## विधेयकमा रहेका उल्लेखनीय व्यवस्था

### १) आमसञ्चार माध्यमको परिभाषा:

विधेयकले "आमसञ्चार माध्यम" को परिभाषालाई बृहत् पार्दै "सरकारी, सार्वजनिक, सामुदायिक वा निजी क्षेत्रबाट समाचार, सूचना, मनोरञ्जनात्मक कार्यक्रम तथा सन्देश सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम समेतलाई समेटेको छ । यस परिभाषाले यो कानुन सरकारीलगायत सबै किसिमका सञ्चारमाध्यमका लागि समान रूपले लागु हुने र त्यसबाट सञ्चारमाध्यमहरूका बिचमा भिन्न भिन्न किसिमको व्यवहार हुने छैन भन्ने देखिन्छ । साथै परिभाषाले विद्युतीय सञ्चारमाध्यमलाई पनि समेटेकाले आगामी दिनमा विद्युतीय सञ्चारमाध्यमको विकासमा समेत यस कानुनले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

### २) आमसञ्चार प्राधिकरणको स्थापना:

विधेयकको दफा ३ मा आमसञ्चार संस्थाको दर्ता, इजाजत, अनुगमन तथा नियमन सम्बन्धी कार्य गर्न राष्ट्रिय आमसञ्चार प्राधिकरणको स्थापना गरिने व्यवस्था गरेको छ। त्यसै गरी, दफा ४ ले उक्त आमसञ्चार प्राधिकरण एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ भन्ने व्यवस्था गरेको छ । भिन्न भिन्न किसिमका आमसञ्चार माध्यम (पत्रपत्रिका, एफ.एम रेडियो, टेलिभिजन, अनलाइन) का लागि भिन्न भिन्न प्रक्रिया तथा भिन्न भिन्न निकायमा दर्ता तथा नियमन हुनुपर्ने अवस्था रहेकामा प्रस्तुत विधेयकले सबै किसिमका आमसञ्चार माध्यमका लागि एकै निकायबाट दर्ता, इजाजत, अनुगमन तथा नियमनसम्बन्धी कार्य हुने व्यवस्थाले सहजता सिर्जना गर्ने अनुमान गर्न सकिन्छ ।

### ३) आमसञ्चार संस्थाको दर्ता तथा इजाजत पत्र खारेज नगरिने:

विधेयकले दफा ३९ मा यस ऐन बमोजिम इजाजत पत्र पाएको तथा अभिलेखीकरण भएको कुनै आमसञ्चार संस्थाले कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशन वा प्रसारण गरे बापत त्यस्तो आम सञ्चार संस्थाको इजाजत वा दर्ता खारेज गरिने छैन भनी भनेको छ। यस दफाले प्रेस स्वतन्त्रताको सिद्धान्तलाई मान्यता दिँदै संवैधानिक प्रत्याभूतिलाई कानुनी रूपमा समेटेको छ ।



# विधेयकमा देखिएका सैद्धान्तिक तथा कानुनी समस्या तथा संशोधन गर्नु पर्ने विषय

## १. सङ्घीय व्यवस्थाको उपेक्षा

यस विधेयकले सङ्घीय संरचना अनुरूप स्थानीय र प्रदेशको अधिकारको स्पष्टता र सुनिश्चितताको विषयमा ध्यान दिएको छैन।संविधानले प्रदेशलाई आम सञ्चारसम्बन्धी अधिकार दिए पनि यस विधेयकले सङ्घीय व्यवस्था अन्तर्गतको प्रदेश सरकारलाई पूर्ण रूपमा मान्यता नदिएको देखिन्छ । विधेयकको दफा ३(२) मा प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा कार्यालय स्थापना गर्न सकिनेछ भनी व्यवस्था गरेको छ, जसले एकात्मक राज्य प्रणालीको झल्को दिन्छ । संविधानको अनुसूची ६ मा प्रदेशको अधिकारको सूचीमा रेडियो, एफ.एम, टेलिभिजन सञ्चालन गर्ने अधिकार सुनिश्चित गरिएको छ, तर विधेयकमा प्रदेशको सञ्चार माध्यम दर्ता र नियमनमा अधिकार सुनिश्चित गरिएको छैन ।

### सुझाव:

- **विधेयकलाई नेपालको सङ्घीय संरचनामा आधारित गराउन सञ्चार माध्यमहरूको दर्ता र नियमनमा प्रदेशहरूको अधिकार सुनिश्चित गर्नु उपयुक्त हुन्छ।**

## २. प्राधिकरणको स्वायत्ततासम्बन्धी प्रावधान

यस विधेयकको दफा ३ मा आमसञ्चार संस्थाको दर्ता, इजाजत, अनुगमन तथा नियमन सम्बन्धी कार्य गर्न राष्ट्रिय आमसञ्चार प्राधिकरणको स्थापना गरिने व्यवस्था छ। त्यसै गरी दफा ४ ले आमसञ्चार प्राधिकरण एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ भन्ने व्यवस्था गरेको छ। विधेयकले प्राधिकरणलाई स्वशासित बनाउने भने तापनि दफा ५८ मा नेपाल सरकारलाई नियम र विनियम बनाउने अधिकार दिएको छ। दफा ३ र ४ ले स्वशासित प्राधिकरणको परिकल्पना गरे तापनि सो प्राधिकरणको काम, कर्तव्य र अधिकार भित्र रहेका विषयमा समेत नेपाल सरकारले नियम बनाउने दफा ५८ को प्रावधानले प्राधिकरणको स्वायत्ततामा प्रश्न उठाउँछ र सरकार नियन्त्रित संस्था बन्ने खतरा दर्साउछ ।

### सुझाव:

- **प्राधिकरणको स्वायत्तता सुनिश्चित गर्न दफा ५८ मा संशोधन गरी नियम तथा विनियम निर्माणको अधिकार प्राधिकरणलाई दिनु पर्ने।**

## ३. विधायिकी अधिकारको अत्यधिक प्रत्यायोजन

विधेयकमा २० भन्दा बढी प्रावधानमा "तोकिए बमोजिम" हुनेछ भन्ने व्यवस्था गरी व्यापक रूपमा विधायिकी अधिकार प्रत्यायोजन गरिएको छ। उदाहरणका लागि, प्राधिकरणको काम, कर्तव्य, पत्रपत्रिका र अनलाइन माध्यमहरूको दर्ता, इजाजत पत्र, प्रसारण संस्थाको वर्गीकरण, स्वनियमन, लगानी, कर्मचारी नियुक्ति, कोष स्थापना, र पत्रकार कल्याण कोष सम्बन्धी व्यवस्थामा "तोकिए बमोजिम हुनेछ" भन्ने व्यवस्था गरिएको छ। यसले स्पष्ट कानुनी प्रावधान निर्माण गर्नुको साटो अनिश्चितता पैदा गर्ने र ऐनको उद्देश्यलाई नै कमजोर बनाउने खतरा निम्त्याउछ ।

ऐनमा स्पष्ट प्रावधानहरू राख्नुपर्ने ठाँउमा बारम्बार 'तोकिए बमोजिम' उल्लेख गर्दा सरकार वा अन्य निकायहरूलाई मनमानी निर्णय लिने अवसर मिल्न सक्छ। यसले कानुनको मूल उद्देश्यलाई कमजोर पार्दै ऐनको प्रभावकारितामा प्रश्न उठाउँछ । यसको प्रत्यक्ष असर ऐनको कार्यान्वयनमा देखिन सक्छ, जहाँ ऐनमा स्पष्टता नहुदा नियमावली वा कार्यान्वयन निर्देशिका बलियो भएर आउन सक्छ, जसले कानुनको शासनको अवधारणामा समेत धक्का पुर्‍याउँछ । यसले कानुनी शृङ्खलामा असन्तुलन पैदा गर्दै ऐनको औचित्यलाई नै निस्तेज बनाउने सम्भावना देखिन्छ ।

### सुझाव:

- **विधेयकबाट सारभूत प्रावधानहरूमा ...तोकिएको वा तोकिए बमोजिम भन्ने प्रावधान हटाउनु पर्ने ।**

## ४. अपुरो समावेशी व्यवस्था

यस विधेयकको दफा ५(२) मा प्राधिकरणको गठनको व्यवस्था गर्दै उक्त दफाको प्रतिबन्धात्मक व्यवस्थामा नियुक्ति गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नुपर्नेछ भन्ने उल्लेख गरिएको छ । तथापि यस प्रावधानमा समावेशी सिद्धान्तको व्याख्या गरिएको छैन । यो समावेशीकरण लैङ्गिक आधारमा हो कि, भाषिक आधारमा हो कि वा अन्य कुनै आधारमा भन्ने प्रस्ट छैन । यसले प्राधिकरणमा उचित प्रतिनिधित्वको अभाव गराउन सक्छ ।

### सुझाव:

- दफा ५(२) मा उल्लेखित समावेशी सिद्धान्तको आधारमा प्राधिकरणका सदस्य नियुक्ति गर्दा कुन कुरालाई ध्यान दिने भनी प्रष्ट रूपमा उल्लेख हुनुपर्छ।

## ५. पत्रपत्रिका दर्ता र स्थानीय तहसँगको समन्वय

दफा १६ ले पत्रपत्रिका दर्ता सम्बन्धी प्रक्रियालाई परिभाषित गरेको छ, जसमा उपदफा २, ४, र ५ मा प्राधिकरण र स्थानीय तहबिच समन्वयसम्बन्धी प्रावधान छन् । प्रस्तावित व्यवस्था अनुसार 'स्थानीय तहले पत्रपत्रिका दर्ता गर्दा प्राधिकरणको अभिलेखसाग भिडाइ दोहोरो नपर्ने गरी दर्ता गर्नुपर्नेछ भने प्राधिकरणले स्थानीय तहमा रहेका पत्रपत्रिकाको विवरणको एकीकृत अभिलेख तयार गरी राख्नुपर्नेछ । त्यस्तै अभिलेख राख्ने प्रयोजनको लागि स्थानीय तहले पत्रपत्रिका दर्ता गर्नासाथ प्राधिकरणमा जानकारी गराउनुपर्नेछ भने आर्थिक वर्ष प्रारम्भ भएको तीन महिना भित्र पत्रपत्रिका प्रकाशनको अद्यावधिक विवरण प्राधिकरण समक्ष पठाउनुपर्नेछ ।

यस किसिमको व्यवस्था व्यवहारिक रूपमा प्रभावकारी नहुने, पत्रपत्रिका दर्ता गर्दा प्राधिकरण र स्थानीय तहबीच अभिलेख भिडाउने प्रक्रियाले प्रशासनिक बोझ बढाउने र समय एवम् स्रोतको दोहोरो खर्च हुने देखिन्छ ।

### सुझाव:

- पत्रपत्रिकाको दर्ता र स्थानीय तहसँगको समन्वयमा विधेयकले पुरानै कागजी प्रक्रियालाई आधार बनाएको छ। यस सम्बन्धमा प्रक्रियालाई सहज र सरल बनाउन विधेयक मार्फत एकीकृत सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ। यस्तो प्रणालीमा प्राधिकरण र सबै तहका सरकारले अनलाइन पहुँच पाउने गरी सूचना राख्न मिल्नेछ, जसले समन्वयमा सुधार ल्याउँदै प्रक्रिया सरलीकरण गर्न मद्दत पुऱ्याउँछ। यसरी एकीकृत प्रणालीले दर्ता, अद्यावधिक, र अभिलेख राख्नेसम्बन्धी कार्यलाई सुव्यवस्थित बनाउनेछ, जसले प्रशासनिक प्रक्रियामा पारदर्शिता र दक्षता थपिनेछ।

## ६. इजाजत पत्र सम्बन्धी अपुरो व्यवस्था

विधेयकको दफा २५(१) मा दफा २४ बमोजिम पर्न आएका इजाजत पत्र सम्बन्धी निवेदन उपर आवश्यक जााचबुझ गर्दा इजाजत पत्र दिन उपयुक्त हुने देखिएमा प्राधिकरणले तोकिएको सर्त पालना गर्ने गरी तोकिए बमोजिमको ढााचामा इजाजतपत्र दिनेछ भन्ने व्यवस्था छ । तर निवेदन प्राप्त भए पश्चात् कति दिन भित्रमा इजाजत पत्र दिने वा नदिने निर्णय गर्नुपर्ने हो, इजाजत पत्र दिन नमिल्ने निर्णय भएमा त्यस्तो निर्णय उपर उजुरी वा पुनरावेदन कति समयभित्र दिन सकिने हो भन्ने बारेमा उल्लेख गरिएको छैन ।

### सुझाव:

- दफा २५(१) अन्तर्गत निवेदन प्राप्त भए पश्चात् कति दिनमा इजाजत पत्र दिने, र यदि इजाजत पत्र दिन नमिल्ने निर्णय भएमा त्यसमा पुनरावेदन दिने समय पनि तोकिनु पर्छ।

## ७. वैदेशिक लगानीको विषय

दफा ३४ मा 'कुनै पनि आमसञ्चार संस्था वा आमसञ्चार माध्यममा वैदेशिक लगानी गर्न पाइने छैन' भनी उल्लेख गरेको छ ।

हाल कार्यान्वयनमा रहेको राष्ट्रिय आमसञ्चार नीति २०७३ को २.११ मा 'नेपाली जनताको विचार र अभिव्यक्ति स्वतन्त्रता र राष्ट्रिय हितमा असर नपुऱ्याउने गरी पूर्वाधार र प्रविधिको विकासमा विदेशी लगानी खुला गर्नुपर्ने अवस्थामा प्रकाशन र प्रसारण माध्यममा सम्पादकीय स्वतन्त्रताको सुनिश्चितताका निम्ति विशेष सर्तहरू तोकी त्यस्तो सञ्चारमाध्यममा पत्रकार, कामदार र कर्मचारी नेपाली नागरिक मात्र रहने व्यवस्था गरिनेछ । विदेशी लगानीकर्ताको भूमिका निर्णायक हुने गरी विदेशी लगानीलाई प्रोत्साहन गरिने छैन' भन्ने व्यवस्था गरिएको छ । यसरी हेर्दा राष्ट्रिय आमसञ्चार नीति र प्रस्तुत विधेयकको व्यवस्थाका बिचमा विराधाभास देखिन्छ ।

### सुझाव:

- आमसञ्चार माध्यमको समयानुकूल विकासका लागि पूर्वाधार र प्रविधिको विकासमा विदेशी लगानीको बाटो पूर्णरूपमा बन्द गरिनु उपयुक्त हुँदैन। यस प्रावधानलाई राष्ट्रिय आमसञ्चार नीति २०७३ को २.११ मा व्यवस्था अनुरूप मिलाउनु उपयुक्त हुन्छ।

## ८. संवैधानिक प्रत्याभूति विपरीतका व्यवस्था

विधेयकको दफा ४७ मा कसैले दफा २५ बमोजिम इजाजतपत्र नलिई कार्यक्रम प्रसारण वा डाउनलिङ्क गरेमा कसुरको मात्रा हेरी पाच लाख रुपैयाँ सम्म जरिवाना गरी त्यस्तो कार्यक्रमको उत्पादन, प्रकाशन वा प्रसारणको लागि प्रयोग भएका यन्त्र उपकरणहरू समेत जफत हुनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै, दफा ४८ मा दफा ४४ वा ४५ वा ४६ वा ४७ अनुसारको प्राधिकरणले दिएको आदेश पालना नगर्ने व्यक्ति वा संस्थालाई कसूरको मात्रा हेरी एक लाख लाखसम्म जरिवाना गरी त्यस्तो व्यक्ति वा संस्थाले प्रयोग गरेको यन्त्र उपकरण समेत जफत गरिनेछ भनि प्रावधान गरिएको छ ।

नेपालको संविधानको धारा १९ उपदफा २ मा कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन भनी व्यवस्था गरेकोमा यस दफाले '... त्यस्तो कार्यक्रमको उत्पादन, प्रकाशन वा प्रसारणको लागि प्रयोग भएका यन्त्र उपकरणहरू समेत जफत हुनेछ' भनी गरेको व्यवस्था संविधानको धारा १९ विपरीत रहेकाले सो दफामा जफत गरिने भनिएको शब्दलाई हटाउनु पर्ने ।

### सुझाव:

- **दफा ४७ र ४८ मा भएको जफत गारिने भनिएको शब्दलाई हटाउनु पर्ने।**

## ९. प्रेस रजिष्ट्रार सम्बन्धी व्यवस्था

दफा ४०(४) मा प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकार उल्लेख गर्दै खण्ड (क) मा प्राधिकरणको प्रशासकीय प्रमुखको रूपमा दैनिक प्रशासनिक कार्य गर्ने कर्तव्य रहनेछ भनी उल्लेख गरिएको छ ।

परिच्छेद २ मा प्राधिकरणको अध्यक्षको नियुक्ति सम्बन्धी व्यवस्था गरेको छ र दफा ४० मा प्रेस रजिष्ट्रारलाई प्रशासकीय प्रमुखको रूपमा अधिकार प्रदान गरेको छ । यसरी अध्यक्षलाई कार्यकारी अध्यक्षको रूपमा राखी प्रेस रजिष्ट्रारलाई प्रशासकीय अधिकृत बनाउदा कर्मचारी र पदाधिकारी बिच द्वन्द हुने सम्भावना प्रबल रहन्छ । यस किसिमको कानुनी व्यवस्थाले संस्थाको कार्यसम्पादन र निर्णय प्रक्रियामा अवरोध ल्याउन सक्ने देखिन्छ, जसले संगठनको दीर्घकालीन स्थायित्वमा नकारात्मक प्रभाव पर्न सक्छ ।

### सुझाव:

- **उल्लिखित समस्या समाधानका लागि अध्यक्षलाई प्रशासकीय प्रमुखको भूमिका दिनु वा अध्यक्षलाई औपचारिक (ceremonial) भूमिकामा सीमित गर्दै प्रशासकीय जिम्मेवारी प्रेस रजिष्ट्रारलाई नै दिनु उपयुक्त हुन्छ ।**

## १०. विवाद समाधान र अधिकार प्रत्यायोजन व्यवस्था

यस्तै गरी, विधेयकको दफा ७(१)(ज) मा प्राधिकरणको काम, कर्तव्य र अधिकार अन्तर्गत 'आमसञ्चार संस्थाका बिचमा देखिएका विवाद समाधान गर्ने' उल्लेख छ। तथापि उक्त प्रावधानमा आमसञ्चार संस्थाका बिचका कस्ता प्रकृतिका विवाद समाधान गर्ने हो र त्यसको प्रक्रिया के हो भन्ने बारेमा कुनै उल्लेख छैन ।

दफा ७(२) मा 'प्राधिकरणले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, प्राधिकरणको कुनै अधिकृत कर्मचारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ' भनी व्यवस्था भएको छ । सङ्घीय स्तरमा रहने प्राधिकरणलाई प्राप्त अधिकारहरू स्थानीय तहको अधिकृतसम्मलाई प्रत्यायोजन गर्नु कत्तिको उचित हो भन्ने कुरामा ध्यान दिनुपर्ने देखिन्छ ।

### सुझाव:

- **दफा ७(१) को खण्ड (ज)मा समाधान गर्ने खोजिएका विवाद कस्ता विवाद हुन भन्ने प्रस्ट हुनु जरुरी छ। यदि कानुनी विवाद हुन भने त्यस्ता विवादको समाधान प्रचलित कानुन बमोजिम कानुनी प्रक्रियाबाट हुनु पर्ने हुन्छ, त्यसैले प्राधिकरणले आमसञ्चार संस्थाका बिचमा देखिएका कस्ता किसिमका विवाद समाधान गर्ने हो भन्ने बारेमा स्पष्ट उल्लेख हुनुपर्छ। ...विवाद समाधान को साटो यस प्रावधानमा ...आमसञ्चार संस्थाका बिच आवश्यकताअनुसार समन्वय गर्ने भनी व्यवस्था गारिनु उपयुक्त हुन्छ।**

## ११. सञ्चारको हक र निर्देशित मिडिया

विधेयकको दफा ३२ मा 'आमसञ्चार संस्थाको काम, कर्तव्य र अधिकार' भनी उल्लेख गरिए पनि मिडियाका लागि सर्त तथा बन्देजको व्यवस्था गरिएको छ भने दफा ४४ मा आमसञ्चार संस्थाले प्रकाशन तथा प्रसारण गर्न नहुने र गरेमा कसुर हुने विषयलाई समेटिएको छ। यी दुई प्रावधानका आधारमा विधेयकले निर्देशित र नियन्त्रित मिडियाको परिकल्पना गरेको छ। विधेयकले संविधानको धारा १७ (विचार तथा अभिव्यक्ति स्वतन्त्रता) र धारा १९ (सञ्चारको हक) ले तोकेको सीमालाई स्पष्ट रूपमा व्याख्या गर्न सकेको छैन।

### सुझाव:

- यो कानुनले संविधानले विचार तथा अभिव्यक्ति स्वतन्त्रता तथा सञ्चारको हकमा तोकेको सीमालाई व्याख्या गर्दै कस्ता कार्यलाई कसुर मानिन्छ भन्ने स्पष्टता दिनुपर्छ र यी व्यवस्था राज्यका सबै तहमा समान रूपमा लागू हुने सुनिश्चित गर्नुपर्छ। साथै, यसरी सञ्चारको हकको सीमा परिभाषित गर्दा अन्तर्राष्ट्रिय कानुन र राष्ट्र सङ्घीय मानव अधिकार आयोगको व्याख्या र मान्यतालाई आधारका रूपमा लिनुपर्छ।

# निष्कर्ष

राष्ट्रिय आमसञ्चार विधेयकले नेपालमा सञ्चार माध्यमको दायरा फराकिलो बनाउदै कानुनी संरचनामा सुधारको दिशा प्रदान गरेको छ, जसले सञ्चार माध्यमलाई एकीकृत र व्यवस्थित बनाउने उद्देश्य राखेको छ। तर विधेयकका केही व्यवस्थाले प्रेस स्वतन्त्रताको संवैधानिक प्रत्याभुतिको उल्लङ्घन गरेको छ भने संघीय शासन प्रणालीको उपेक्षा गरेको छ। त्यसै गरी प्राधिकरणको स्वतन्त्रता, स्वायत्तता र समावेशिता सुनिश्चित गर्न, विधायीकी अधिकारको अत्यधिक प्रत्यायोजनमा रोक लगाउन र संचारको हकको संवैधानिक सीमाको व्याख्याका लागि पनि विधेयकमा सुधार र परिमार्जन आवश्यक छ। प्रस्तावित विधेयकमा आवश्यक सुधारहरू गर्दा मात्र यसले वास्तविक रूपमा प्रेस स्वतन्त्रता, पारदर्शिता र समावेशीकरणको मर्मलाई सम्मान गर्नेछ, जसले नेपालको लोकतान्त्रिक सञ्चार व्यवस्थालाई अझ मजबुत बनाउनेछ।

## हाम्रो बारेमा

प्रविधि अधिकार नेपाल (DRN) सन् २०२० मा स्थापित नेपालमा डिजिटल अधिकारको संरक्षण र सुरक्षित अनलाइन वातावरणको विकासमा समर्पित गैर नाफामूलक संस्था हो। नागरिक अधिकार अभियन्ताहरु तथा विशेषज्ञहरु संलग्न प्रविधि अधिकार नेपालले अनलाइन अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता संरक्षण, सूचनामा पहुँच, र साइबर सुरक्षा प्रवर्धन गर्न क्षमता अभिवृद्धि पहलहरूमा संलग्न रहदै अनुसन्धान, अध्ययन तथा नीति सुधारका लागि वकालत गर्दछ। मानव अधिकार र डिजिटल अधिकार वकालतकर्ताहरुका नेतृत्वमा प्रविधि अधिकार नेपालले स्थानीय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालको डिजिटल परिदृश्यलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका निभाएको छ। प्रविधि अधिकार नेपालको कामको बारेमा थप जानकारीको लागि, कृपया www.igitalrightsnepal.org मा जानुहोस्।

Digital Rights Nepal

**Phone:** +977-9767245100
**Address:** Neel Saraswoti Marga, Gairidhara - 2, Kathmandu
**Email:** info@digitalrightsnepal.org
**Web:** www.digitalrightsnepal.org